जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २९१ २०७९ साल असार १६ गते बिहीबार (30 June 2022 Thursday) मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बेरुजु फछर्यौटलाई.. ३ पृष्ठमा : सामाजिक सुरक्षा भत्ता उपलब्ध ... ३ पृष्ठमा :दोस्रो विश्वयुद्धपछि नाटोलाई..

# लगातारको वर्षाले सप्तरीको जनजिवन प्रभावित





**दैनिक समाचारदाता**
**राजविराज, १५ असार।**

दुई दिनदेखी भइरहेको अविरल वर्षाका कारण सप्तरी पूर्ण रुपले प्रभावित बनेको छ।

वर्षाका कारण जिल्लाको विभिन्न स्थानमा बाटो कटान गरेको छ भने कतै घर घरमा पानी पसेर सर्वसाधारणको जनजीवन कष्टकर बनाएको हो।

राजविराज नगरपालिकाको सिरहा रोडमा समेत वर्षाको पानीले निकास नपाउँदा सर्वसाधारण समस्यामा परेका छन्। यस्तै राजविराज ८ को हिमालय टोल, राजविराज २ को भलुवाही टोल र राजविराज ५ को मिथीला टोल लगायतका स्थानमा समेत वर्षाको पानी सडक हुदै घर सम्म पुग्दा सर्वसाधारण हैरान भएका छन्।

यता अबिरल बर्षाको कारण जिता नदीमा आएको बाढीले तिलाठी कोइलाडी गाउँपालिकाको दुई ठाउँमा बाँध कटान गरेको छ। सो गाउँपालिका वडा नं. ५ को. बर्साइनको बर्साइन टोलस्थित खोलाले करिब ५ मिटर बाँध कटान गर्दा २५ घर जोखिममा परेको छ।

यस्तै जिता खोलाको बाढीले तिलाठीकोइलाडी गाउँपालिका ८ स्थित राजविराज भन्सार कार्यालय नजिकैको ५० मिटर सडक भत्काएको छ।

यसैगरी वडा नं. ७ मा गत बर्ष भत्काएकै ठाउँमा जिता नदीको बाढीले पश्चिमी तटबन्ध भत्काएको छ। वडा नं. १ तिलाठीस्थित समेत खाँडो खोलाको पश्चिमी बाँधमा कटान लागेको छ। वडा नं. ७ र वडा नं. १ स्थित बाँधमा लागेको कटान नियन्त्रणको कार्य बुधबारबाटै शुरु गरिएको गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले जानकारी दिए।

बाँध भत्किएको ठाउँहरुको बुधबार विहानै गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डल, वडा नं. ५ का वडाअध्यक्ष ललनप्रसाद राउत, इन्जिनियर भाष्कर प्रसाद सिंह तथा विपद् व्यवस्थापन अधिकृत राजेशकुमार झासहितको टोलीले निरीक्षण गरी आवश्यक मर्मत सम्भारको व्यवस्थापन गर्न निर्देशन दिएको जनाइएको छ।

यस्तै वर्षाको पानीले निकास नपाउँदा सप्तरीको छिन्नमस्ता गाउँपालिका ५ कोचाबखारी टोलमा १ दर्जन भन्दा बढी घरमा पानी पसेको स्थानीय आमोद रामले बताए। उनका अनुसार स्थानीय सरिता देवी राम, फेकन राम, सुनल राम, सुकदेव राम, महेन्द्र राम लगायतका एक दर्जन भन्दा बढीको घरमा पानी पसेको छ। उक्त टोलमा घर घरमा पानी पसेको खबर पाएपछि तत्कालै छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, वडाअध्यक्ष जयप्रकाश ठाकुर, समाजसेवी अजित ठाकुर, रामरुप शर्मा लगायतको एक टोली पुगी जेसिबी मार्फत पानी निकासको व्यवस्थामा जुटेको स्थानीयवासी फेकन रामले जानकारी दिए। वर्षाको पानी सोही वडा स्थित स्वास्थ्य चौकीमा प्रवेश गरेपछि स्वास्थ्य सेवा प्रभावित भएको इन्चार्ज राजाबाबु मेहताले जानकारी दिए।

वर्षाको पानीले सो टोल स्थित श्री राष्ट्रिय प्राथमिक विद्यालयमा समेत क्षती पुऱ्याएको प्रध्यापक कुलानन्द

*बाँकी अन्तिम पृष्ठमा*

# १२ वर्षिया बालिकालाई करणी गरि फरार अभियुक्त पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार।**

एक १२ वर्षिया बालिकामाथी जबरजस्तीकरणी गरेको मुद्दाका फरार अभियुक्त घट्नाको चार वर्ष पछि पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ४ का ३० वर्षिय रमा भन्ने रामाकान्त चौधरी छन्। प्रहरीका अनुसार गाउँघर मै लुकि बसेको अवस्थामा उनलाई मंगलवार पक्राउ गरीएको हो।

२०७४ साल साउन ७ गते दिउँसो ३ बजेतीर घर नजिकैको फुलवारीमा आपँ टिप्न गएकी सोही वडा निवासी एक १२ वर्षिया बालिकामाथी चौधरीले जबरजस्तीकरणी गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले बताए।

उक्त मुद्दा उपर सुनवाई गर्दै २०७५ साल मंसिर २५ गते सप्तरी जिल्ला अदालतले चौधरीलाई ४ वर्ष कैद सजाय हुने फैसला सुनाएको थियो। घट्नापछि चौधरी फरार भएका थिए।

यता पक्राउ परेका चौधरीलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै लेनदेन बिगो मुद्दाका एक फरार प्रतिवादी पनि पक्राउ परेको डिएसपी काफ्लेले जानकारी दिएका छन। लेनदेन बिगो मुद्दामा सप्तरी जिल्ला अदालतबाट ३ महिना कैद सजाय ठहर भई फरार रहेका सप्तरीको रुपनी गाउँपालिका २ निवासी ५० वर्षिय चौठी खंग पक्राउ परेका हुन।

उनलाई बुधवार अदालतको आदेशानुसार कैद भुक्तानका लागी राजविराज कारागार पठाइएको प्रहरीले जनाएको छ।

# धान रोपेर दिवस मनाइयो



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार।**

"धान बालिमा जैविक विविधता उपयोग, आयात प्रतिस्थापनामा सहयोग" मुलनाराका साथ बुधबार १९ औं धान दिवस मुलुकभर मनाइएको छ।

सो अवसरमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ७ मंसापुर दही चिउरा र आँप खाँदै धान रोपेर मनाइएको छ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सेभ द सप्तरीको आयोजनामा धान रोपेर दिवस मनाइएको हो।

स्थानिय कमलेश्वरी कृषक समुहका अध्यक्ष प्रमिलादेवी साहको अध्यक्षतामा आयोजित धान दिवस तथा रोपाई मोहत्सव कार्यक्रम सम्पन्न भएको छ।

सेभ द सप्तरीका अध्यक्ष धुव्र देव, सचिव नरेन्द्र यादव, कार्यक्रम संयोजक संतोष यादव, सेभ द चिल्ड्रेनको जिल्ला संयोजक खिलानाथ निरौला, कार्यक्रम संयोजक उमेश गुप्ता, इन्द्रबहादु हायु, देवकृष भगत, सेभ द चिल्ड्रेनकै लेखाअधिकृत सुरेश यादव, सेभ द सप्तरीका फिल्ड अधिकृत सत्यनारायण थारु, बिष्णुकान्त देव र सेभ द सप्तरीकै

*बाँकी अन्तिम पृष्ठमा*

## निमन्त्रणा

यही मिति २०७९/०३/१८ गते शनिबारका दिन साह सेवा सदन (धर्मशाला) को पहिलो तल्ला, मधेश प्रदेशका सांसद नेत्र विक्रम साह ज्युको प्रमुख आतिथ्यमा समुदघाटन हुने हुँदा सो समारोहमा आर्थिक सहयोग गर्ने महानुभावहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध छ।

**कार्यक्रम**

**मिति :** २०७९/०३/१८ गते शनिबार
**समय :** बिहानको ११ बजे
**स्थान :** साह सेवा सदन, राजविराज

**आयोजक**
साह सेवा सदन
राजविराज ३

## सम्पादकीय

# जलवायु परिवर्तनले सबै भन्दा बढी असर कृषिमा

मौसम पहिलाको भन्दा अहिले निकै परिवर्तन बन्दै जाँदा कृषि क्षेत्रलाई तहसनहसको अवस्थामा पुर्‍याएको छ । जाड्ोका समयमा गर्मी, बिना बर्षाको पनि बर्षा र बर्षाको मौसममा बर्षा नै नहुने हुँदै आएको छ । मौसमको बैमौसमी आवतजावतले हरेक क्षेत्र प्रभावित भइरहेको छ । नेपाल जैविक विविधताले भरिएको देश हो भनेर भनिन्छ । यो मुलुक कृषिप्रधान देश हो भनिएपनि यसतर्फ सरकार तथा अन्य सरोकारबालाले खासै ध्यान दिएको देखिन्न ।

जाडो मौसममा फल्ने फलफूल गर्मीमा फल्ने र गर्मीको जाड्ोमा जस्ता कामहरु पनि भइरहेको छ । कृषिविधिले पनि यता ध्यान दिनुपर्‍यो । यसको असरलाई सकेसम्म कम गर्ने बाहेक हामीसँग अरु कुनै विकल्प छैन । अब पृथ्वीलाई तात्नबाट रोक्नमा नेपालले गर्नसक्ने योगदान भनेको जंगल फडानी रोक्नु र नांगा डाँडामा वृक्षरोपण गर्ने मात्र हो । यो भन्दा बढी हामीले चाहेर पनि गर्नसक्ने अवस्था छैन ।

जलवायु परिवर्तनका बारेमा जनतालाई सुसूचित गर्दै त्यसैसँग तालमेल हुने खालको खेतीप्रणालीका लागि अध्ययन अनुसन्धान थालिहाल्न जरुरी छ । त्यसका साथै अन्तर्राष्ट्रिय फोरममा अरु कसैले गरेको अपराधको सजाय हामीले भोग्नु नपरोस् भनेर दह्रो आवाज उठाउनु अत्यन्त आवश्यक छ । त्यसैले जलवायु परिवर्तनलाई अमूर्त भाषामा आतंकको विषय बनाउनुभन्दा जनतामा त्यसको असर कमभन्दा कम परोस् भनेर जलवायु परिवर्तनसँगै तालमेल हुने खालका योजना बनाउनु नै अहिलेको आवश्यकता हो ।

# बेरुजु फछ्र्यौटलाई अभियानका रूपमा अघि बढाऔँ : राष्ट्रपति भण्डारी

काठमाडौँ, १५ असार (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले बेरुजु बढिरहेको देखाएकाले बेरुजु फछ्र्यौटलाई अभियानका रूपमा अघि बढाइनुपर्नेमा जोड दिनुभएको छ । महालेखा परीक्षकको कार्यालयको ६४ औँ वार्षिकोत्सव समारोहलाई बुधबार यहाँ सम्बोधन गर्नुहुँदै उहाँले अभियानका रूपमा बेरुजु फछ्र्यौट गरेपछि बेरुजु राख्न नदिने गरी आर्थिक अनुशासन पालना गरिनुपर्ने बताउनुभयो ।

आर्थिक शुद्धताले नै सुशासन कायम गर्न सहयोग गर्ने भएकाले यसमा सरोकार भएका सबै निकायको ध्यान जानुपर्ने राष्ट्रपति भण्डारीले सुनाउनुभयो । "नी महालेखापरीक्षकको प्रतिवेदनमार्फत् उठेका विषयलाई केन्द्रीय संसद्, प्रदेशसभा, र स्थानीयसभाले गम्भीर रूपमा लिएर दोहोर्‍याउन दिनुहुँदैन, सार्वजनिक वित्तीय व्यवहारमा पारदर्शीता हुनुपर्छ, सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रतिवेदनले काम गरेको छ", उहाँले भन्नुभयो ।

अर्थमन्त्री जनार्दन शर्माले बेरुजु फछ्र्यौटलाई सरकारले प्रयास गरिरहेको उल्लेख गर्नुहुँदै वित्तीय व्यवस्था सुधारमा सरकार लागिपरेको बताउनुभयो । रु छ खर्ब ७६ अर्ब बेरुजु फछ्र्यौटमा मन्त्रालय लागेको उहाँले कार्यक्रममा जानकारी गराउनुभयो ।

"आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिइएको छ, महालेखा परीक्षकको कार्यालयलाई आवश्यक भौतिक तथा वित्तीय सहयोग गरिन्छ", मन्त्री शर्माले भन्नुभयो । प्रतिनिधिसभा, सार्वजनिक लेखासमितिका सभापति भरतकुमार शाहले १५ वर्षअघिको कम्प्युटर, ल्यापटप, मोबाइललाई त्यस बेलाको मूल्यमा परिवर्तन गरेर बेरुजु देखाउने काम न्यायसङ्गत हुन नसक्ने बताउनुभयो । देश आर्थिक अप्ठ्यारोमै रहेकाले फजुल विदेश भ्रमण र फजुल खर्च नियन्त्रण गर्न उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।

महालेखापरीक्षक टङ्कमणि शर्मा दङ्गालले यस वर्षदेखि विद्युतीय प्रणालीबाट गरिएको लेखापरीक्षणको प्रतिवेदन आउने क्रममा रहेको जानकारी गराउनुभयो । कोरोना महामारीका कारण कार्यालयको वार्षिकोत्सव मनाउन नपाइएको उल्लेख गर्नुहुँदै उहाँले यस वर्ष उत्कृष्ट कार्यसम्पादन भएका सात जना कर्मचारीलाई पुरस्कृत गरिएको सुनाउनुभयो ।

"कोभिडको छुट्टै लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिनेछ, महालेखापरीक्षकको कार्यालयको पनि अन्तर्राष्ट्रिय लेखापरीक्षकले लेखापरीक्षण गर्ने प्रावधान अनुसार थाइल्याण्डको लेखापरीक्षण संस्थाले लेखापरीक्षण गरी राम्रो काम गरेको प्रतिवेदन दिएको छ", महालेखापरीक्षक शर्माले भन्नुभयो । कार्यालयले यसै वर्षदेखि जोखिममा आधारित लेखापरीक्षण प्रणालीलाई अवलम्बन गरेको छ । यसवर्ष बेरुजु फछ्र्यौटमा उत्साहजजनक काम हुन नसकेको सो अवसरमा जानकारी गराइएको थियो ।

स्थानीय तहमा बढी अनियमितता देखिएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ । सुशासन बहालीका लागि महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन पूर्णरूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिइएको थियो । उपमहालेखापरीक्षक रामुप्रसाद डोटेलले लेखापरीक्षणको गुणस्तरीयताबाट नै सुशासन प्रत्याभूति हुने विषयलाई आत्मसात गर्न आग्रह गर्नुभयो । कार्यालयले छ हजार भन्दा धेरै सार्वजनिक निकायको लेखापरीक्षण गर्ने गरेको छ ।

विसं २०१६ असार १५ गते स्थापना भएको कार्यालय बुधबारदेखि ६३ वर्ष पूरा गरी ६४ वर्षमा लागेको छ ।

# आमसञ्चारबारे मानिसलाई बुझाउन विज्ञको सुझाव

काठमाडौँ, १५ असार (रासस) ।

सञ्चार र पत्रकारिताका विज्ञहरूले आम जनतामा सञ्चार साक्षरता वृद्धि भएमा सञ्चार माध्यमबाट प्रवाह हुने समाचार सही र गलतबीचको विभेद छुट्याउन सहज हुने औँल्याएका छन् ।

युनेस्को नेपालका निमित्त नेपाल राष्ट्रिय आयोगको आमसञ्चार समितिले बुधबार आयोजना गरेको 'मिडिया लिटेरेसी' विषयक सङगोष्ठीमा पत्रकारमा पनि जनताबाट आउने प्रतिर्क्रिया र बुझाइलाई आत्मसात गर्न सक्ने हुनुपर्ने बताइएको हो ।

नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष गोविन्द आचार्य र काठमाडौँ विश्वविद्यालयको भाषा तथा आमसञ्चार विभागका प्रमुख डा सुधाम्शु दाहालले कार्यपत्र प्रस्तुत गर्दै मिडियामा भएका परिवर्तन र डिजिटल युगका कारणले मिडिया लिटेरेसीमा पनि परिवर्तन भएकाले जनताले सञ्चारमा विगतको तुलनामा धेरै जान्ने बुझ्ने भइसकेको स्थिति सकारात्मक भएको बताउनुभयो ।

महासङ्घका अर्का पूर्व अध्या डा सुरेश आचार्यले ठूला भनिएका मिडियाबाट बेला बेलामा स्वार्थवश वा गलत स्रोतका कारण गलत सूचना सम्प्रोण गरेको उदाहरण प्रस्तुत गर्दै त्यस्ता कमजोरीमा स्रोत र पाठकको खबरदारी महत्वपूर्ण हुने बताउनुभयो । त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका सहप्राध्यापक डा कुन्दन अर्यालले पत्रकार आचारसंहितालाई बढीभन्दा बढी जनताबीचमा लान सकिएमा उनीहरूले सञ्चारमाध्यमबारे आफैले विश्लेषण गरेर बुझ्ने सक्ने अवस्था आउने बताउनुभयो ।

समितिका संयोजक हरिगोविन्द लुइँटेलको अध्यातामा भएको कार्यक्रममा युनेस्को आयोगको सचिवालयका सहायक महासचिव डा बाबुराम अधिकारीले युनेस्कोका आयाममध्ये सञ्चार र प्रेस स्वतन्त्रता पनि एक मुख्य आयाम भएमाले सञ्चारबारेको बुझाइलाई व्यापकता बनाउन आवश्यक रहेको बताउनुभयो ।

छलफलमा पत्रकारहरू अखण्ड भण्डारी, शेषकान्त पण्डित, माधव तिवारी, रुपेश आचार्य, जन्दमेव जैसीलगायतले भाग लिँदै मिडिया लिटेरेसीको व्यापकता र विस्तारमा नीतिगत तहबाटै पहल हुनुपर्नेमा जोड दिनुभयो ।

# ६२ संक्रमित थपिए

काठमाडौँ, १५ असार (रासस) ।

कोरोना भाइरस संक्रमण दैनिक बढिरहेको छ । मंगलबार ४४ जनामा पुष्टि भएको संक्रमण बुधबार ६२ जनामा पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्राले एक हजार ६२० जनामा परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको जानकारी दिनुभयो ।

उहाँले काठमाडौँ ३९ र ललितपुरमा छ जनामा संक्रमण देखिएको बताउनुभयो । उहाँका अनुसार सक्रिय संक्रमितको संख्या २६१ जना रहेका छन् । विगत २४ घण्टामा १९ जना संक्रमणमुक्त भएका छन् । योसँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार ४४५ पुगेको छ । यो दर ९८.८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

बुधबार एक लाख ८४ हजार ५४५ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् । मन्त्रालयले यही असार ९ देखि १५ गतेसम्म पाँच वर्षदेखि १२ वर्ष मुनिका बालबालिकालाई कोरोना भाइरसविरुद्धको खोप लगाइरहेको छ । अहिलेसम्म होम आइसोलेसनमा २५६, संस्थागत आइसोलेसनमा पाँच जना र एक जनाको सघन उपचार कक्ष (आइसियु)मा उपचार भइरहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन माग

जनकपुर, १५ असार (रासस)।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले आफूहरूलाई पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन माग गरेका छन्।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश र सुनौलो बिहानी समाजद्वारा आयोजित कार्यक्रममा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको मानव अधिकारको अवस्था विषयक छलफल कार्यक्रममा सहभागी यौनिक तथा अल्पसङ्ख्यकले एकल महिला सरह आफूहरूलाई पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन माग गरेका हुन्।

“एकल महिला जस्तै हामी पनि एकल नै छौं, तर एकल महिलालाई सरकारले भत्ता उपलब्ध गराउँछ हामीलाई दिदैँन”, जुनु चौधरीले भन्नुभयो, “पहिला हामी नाचगान गरेरै जीवन चलाउथ्यौं, तर अहिले यस्तो अवस्था छैन्।”

अर्का यौनिक अल्पसङ्ख्यक सिम्रिक कुमारीले आफूहरुमाथि दुर्व्यवहार भइरहदाँ पनि सहरै बस्नुपर्ने बाध्यता रहेको बताउनुभयो। आफूहरूको पहिचान नै राज्यले स्वीकार्न नसकेको गुनासो गर्दै लैङ्गिक तथा योनिक अल्पसंख्यकले पुरुष र महिला जस्तै आफूहरूको पहिचानकै आधारमा नागरिता उपलब्ध गराउनसमेत माग गरेका छन्।

यौनिक अल्पसङ्ख्यक समुदायमा एचआइभी सङ्क्रमणको जोखिम बढ्दै गए पनि राज्यले आफूहरूको स्वास्थ्यप्रति गम्भीरता नदेखाएको उनीहरूले गुनासो गरेका छन्। “धनुषामा करिब डेढसयको हाराहारीमा एचआइभी सङ्क्रमित छन्, त्यसमध्ये करिब ३६ जना त यौनिक अल्पसङ्ख्यक नै छन्”, सनौलो बिहानी समाजका कार्यक्रम संयोजक सत्यनारायण साहले भन्नुभयो, “सङ्क्रमित नियमित औषधि उपचारसँगै उचित परामर्श लिइरहनुभएको छ।”

यसबाहेक कार्यक्रममा सहभागी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकले आफूहरूका लागि प्रदेशस्तरमा समावेशी ऐन, नीति तथा बजेट विनियोजन गर्नुपर्ने, नीति निर्माण तहका आफुहरूको प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यककै आधारमा सहज रूपमा नागरिकता दिनुपर्ने लगायतका माग समेत गरेका छन्। कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले परिवर्तित समयमा यौनिक अल्पसङ्ख्यकले आफ्नो पुरानो पेशालाई परिवर्तन गर्नुपर्ने सुझाव दिनुभयो।

मधेश प्रदेश सरकारको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयका सचिव ठूलोबाबु दाहालले जनशक्ति अभावका कारण यौनिक अल्पसङ्ख्यकको तथ्याङ्क सङ्कलन गर्न नसकेको बताउनुभयो। यौनिक अल्पसङ्ख्यकको लागि प्रदेश सरकारले बजेट छुट्याइएको जानकारी दिँदै उहाँले आगामी वर्षमा तथ्याङ्क सङ्कलनसँगै उहाँहरूको स्वास्थ्य सुरक्षा र रोजगारी लगायतका विषयमा कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका प्रदेश प्रमुख वीरबहादुर बुढा मगरले यौनिक अल्पसङ्ख्यकको विवाहलाई कानुनी मान्यता दिनु आवश्यक रहेको जिकिर गर्दै यौनिक अल्पसङ्ख्यकको तथ्याङ्क सङ्कलनसँगै बजेट छुट्याएर जनचेतनामूलक कार्यक्रम गर्न आयोगले प्रदेश सरकारलाई सुझाव दिएको बताउनुभयो।

जिल्ला बार एशोसिएशन धनुषाका अध्यक्ष किशोरी साहले समाजमा अझै हेय दृष्टिकोणबाट हेर्ने र शिक्षाबाट वञ्चित गराउने प्रवृतिका कारण यौनिक अल्पसङ्ख्यक सङ्कटमा परेको उल्लेख गर्दै आफ्ना अधिकारका लागि अघि बढ्नुपर्ने सुझाव दिनुभयो।

## काठमाडौँमा १४ जनामा हैजा देखियो

काठमाडौँ, १५ असार (रासस)।

काठमाडौँ उपत्यकामा १४ जनामा हैजा देखिएको छ।

गृह मन्त्रालयमा बुधबार आयोजित मौसम पूर्वतयारी तथा प्रतिकार्य बैठकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले १४ जनामा हैजा देखिएको र उहाँहरु उपचारपश्चात् घरफर्कनु भएको जानकारी दिनुभयो।

हैजाका दुई बिरामीको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचार भइरहेको छ। उहाँहरूको अवस्था सामान्य छ।

हैजाका पहिलो बिरामीको अवस्था अत्यन्त जटिल देखिएपछि सघन उपचार कक्ष (आइसियू)मा राखेर उपचार गरिएको उहाँले जानकारी दिनुभयो।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## डा. आदर्श कुमार सिंह
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## दोस्रो विश्वयुद्धपछि नाटोलाई सबैभन्दा ठूलो सुरक्षा चुनौती

म्याड्रिड, १५ असार (रासस/एपी)।

उत्तर एटलाण्टिक सन्धि सङ्गठन (नाटो) का महासचिव जेन्स स्टोल्टनवर्गले दोस्रो विश्वयुद्धपछि सबैभन्दा ठूलो सुरक्षा चुनौतीको नाटो गठबन्धनले सामना गर्नुपरेको बताएका छन्।

बुधवार यहाँ शुरू भएको नाटो नेताहरूको बैठकमा उनले युक्रेनमाथि रूसले गरेको आक्रमणबाट सुरक्षा चुनौती थपिएको बताउँदै उनले नाटो गठबन्धनबीच एकता अपरिहार्य भएकामा जोड दिए। रूसी आक्रमणले युरोपको शान्ति भङ्ग गरेको बताउँदै उनले शीतयुद्धपछि नाटोले पूर्वी युरोपमा भारीमात्रामा सेना र हतियार परिचालन गर्नुपरेको उल्लेख गरे।

ऊर्जा र अन्य आवश्यक स्रोत- साधनको लागत बढिरहेकाले नाटोका सहयोगीहरूले स्रोत व्यवस्थापनमा तनावका सङ्केत देखाएका छन्। यद्यपि उनीहरूले युक्रेनलाई अर्बौंको सैन्य एवम् नागरि सहायता उपलब्ध गराएका छन्। नाटोलाई सर्वाधिक सैन्यशक्ति प्रदान गर्ने देश अमेरिका हो। राष्ट्रपति जो बाइडेनले नाटो गठबन्धन विगतमा पनि एकजुट रहेको र भविष्यमा अझ सबल एवम् सुदृढ रहने बताए।

नाटोमा स्रोत परिचालन एउटा संवेदनशील विषय बन्नसक्ने स्थिति छ। तीस सदस्यीय नाटोका नौ देशले प्रतिरक्षामा कुल गार्हस्थ्य उत्पादनको दुई प्रतिशत खर्च गर्ने सङ्गठनको लक्ष्य पूरा गरेका छन्। बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले नाटोका सदस्य मुलुकलाई आगामी दशकमा प्रतिरोध एवम् प्रतिरक्षाका निम्ति स्रोतको सुनिश्चित गर्न गम्भीर बन्नुपर्नेमा जोड दिएका छन्।

नाटो नेताहरूले पूर्वी युरोपमा गठबन्धन सेनालाई रूसविरुद्ध बलियो एकता निर्माण गर्नु म्याडरिड शिखर सम्मेलनको प्रमुख प्राथमिकता भएको बताएका थिए। उनीहरूले युरोपको सुरक्षालाई सुदृढ एवम् सबल तुल्याउनुपर्नेमा जोड दिँदै रूस युरोपका लागिमात्र नभई समग्र नेटाका निम्ति पनि चुनौती भएको बताए। युक्रेनलाई थप सहायता उपलब्ध गराउनेबमा केन्द्रित रहेर सम्मेलनमा छलफल हुनेछ।

## चीन र पाकिस्तानका कम्पनी अमेरिकाको कालोसूचीमा

वासिङटन, १५ असार (रासस/एएनआई)।

युक्रेन युद्धमा रूसलाई सहयोग गरेको आरोप लगाउँदै अमेरिकाले चीन र पाकिस्तानसहित अन्य मुलुकका ३६ कम्पनीलाई व्यापारको कालोसूचीमा राखेको छ। जो वाइडेन प्रशासनले रूसको सैन्य र प्रतिरक्षा सामर्थ्य बढाउन सहयोग गरेको झोकमा चीनका थप पाँच कम्पनीलाई कालोसूचीमा राखेको हो। यसअघि उसले २५ वटा चिनियाँ कम्पनीलाई कालोसूचीमा समावेश गरेको थियो।

वासिङटनले रूस, संयुक्त अरब इमिरेट्स, लिथवानिया, पाकिस्तान, सिङ्गापुर, संयुक्त अधिराज्य, उज्वेकिस्तान र भियतनामका ३१ कम्पनीलाई कालोसूचीमा राखेको अलजजिराले जनाएको छ। तीनवटा चिनियाँ कम्पनीले रूसी सेनालाई सहयोग गरेका थिए। रूसले युक्रेनमाथि आक्रमण गर्नुअघि ती देशका कम्पनीले रूसलाई सामग्री आपूर्ति गरेका थिए।

बुधबारको कारबाहीले रूसलाई सहयोग गर्न खोज्ने विश्वभरका कम्पनी तथा व्यक्तिमाथि शक्तिशाली सन्देश दिएको र रूसलाई सघाउनेहरूको नियति पनि त्यस्तै हुने चेतावनी वासिङटनले दिएको छ। कम्पनीहरू कालोसूचीमा परेपछि वाणिज्य विभागले उनीहरूका सामान स्वीकार गर्दैन र व्यापार गर्न पुनः उक्त विभागबाट अनुमति लिनुपर्ने हुन्छ। अमेरिकी नीति र कानूनको पालना नगर्ने संसारका जुनसुकै देशका कम्पनीलाई कालोसूचीमा राख्ने चेतावनी पनि वासिङटनले दिएको छ।

## कोलम्बिया जेल दङ्गाः एकाउन्न जनाको मृत्यु

बोगोटा, १५ असार (रासस/एएनआई)।

पश्चिमी कोलम्बियाको टोलुआस्थित कारागारमा मङ्गलबार कैदीहरुबीचको झगडाले उग्ररूप लिँदा ५१ को मृत्यु भएको छभने २४ जना सुरक्षाकर्मी घाइते भएका छन्। आपसी झगडाको क्रममा एकजना कैदीले सुत्ने प्रयोग गरिने एउटा गद्दामा झोसेको आगो कारागारमा फैलिए उनीहरूको मृत्यु भएको हो। कोलम्बियाका अधिकांश जेलमा कैदीको भीडभाड हुने गरेको छ। टोलुआस्थित कारागारमा पनि क्षमताभन्दा बढी बन्दी राखिएको छ।

कारागारका कर्मचारीले गद्दाबाट फैलिएको आगो निभाउने प्रयत्न गरेका थिए तर त्यो विशालरूपमा फैलिएकाले उनीहरूले अग्नि नियन्त्रकको आगमनको प्रतीक्षा गर्नुपरेको थियो। कोलम्बिया र आसपासका मुलुकका जेलमा घातक दङ्गा हुनु अनौंठो होइन।

सन् २०२० को मार्चमा बोगोटाको पिकोटा पेनिटेनियरीमा भएको दङ्गामा २४ कैदीको ज्यान गएको थियो। उनीहरूले कोभिड-१९ विरूद्ध कारागार प्रशासनले अघि सारेका सुरक्षात्मक उपायको विरोध गर्दा दङ्गा भएको थियो। अघिल्लो वर्ष ब्राजिलको जेलमा भएको घातक दङ्गामा ५० भन्दाबढी मारिएका थिएभने १६ जनाको शिरच्छेदन गरिएको थियो। सन् २०१८ मा भेनेज्वेलाको एउटा कारागारमा अग्निदङ्गा हुँदा कैयौं हताहत भएका थिए।

# भारी वर्षाको सम्भावना

काठमाडौँ, १५ असार (रासस)। मनसुनी वायुको प्रभावले देशभर आङ्शिकदेखि पूर्ण बदली रही केही स्थानमा भारी वर्षा हुने भएको छ। जल तथा मौसम विज्ञान विभागका अनसार मनसुनी न्यून चापीय रेखा औषतभन्दा उत्तरतिर ( नेपालको दक्षिणी भू-भाग नजिक) रहेकाले भारी वर्षा भएको छ।

शुक्रबारदेखि मौसममा क्रमिक सुधार हुने विभागले जनाएको छ। उक्त प्रणालीको प्रभावले देशभर सामान्यदेखि पूर्ण बदली रही देशका धेरै स्थानमा मेघगर्जन, चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना छ। सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशको केही स्थानमा पनि भारी वर्षाको सम्भावना छ।

रातको समयमा देशभर सामान्यदेखि पूर्ण बदली भई धेरै स्थानमा मेघगर्जन, चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा साथै मधेस प्रदेश, बागमती प्रदेश र सुदुरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार कास्कीमा २३.८, धनगढीमा ४२.१, विराटनगरमा ३१.६, नेपालगञ्जमा ३.२, सिमारामा ९.८, र काठमाडौँमा ४.१ मिलिमिटर वर्षा मापन

### धान रोपेर ...

कर्मचारीहरुमा बिदया मण्डल, मुकेश मण्डल फर्जना खातुन राजिव चौधरी, बिनिता यादव, भुपेन्द्र सदा रुपेश मण्डल लगायतका उपस्थित रहेको थियो।

यस्तै छिन्नमस्ता गाउँपालिका वडा नं. ७ स्थित हाटिमा समेत धान दिवस मनाइएको छ ।

लक्ष्मी कृषक समुहका अध्यक्ष सितादेवी सदाको अध्यक्षतामा आयोजित धान दिवसको अवसरमा सामुहित रुपमा धान रोपेर मनाइएको छ।

सेभ द सप्तरीका फिल्ड अधिकृत मिथिलेश यादव, सुपरभाइजर रामचन्द्र यादव, समुदायिक परिचालक चमपालाल शर्मा, बद्री मण्डल, रुभा मण्डल लगायतको उपस्थित रहेको कृषि प्रविधिक राम कुमार साहले जानकारी दिए।

### लगातारको वर्षाले ...

भाले बताए। प्रशासनिक कोठामा समेत पानी पस्दा पाठ्य समाग्री र कार्पेट लगायतका सर समाग्रीमा क्षती पुगेको उनले बताए।

निरन्तरको वर्षाले उक्त वडाको ग्रामिण बाटो समेत कटान गर्दा आवत जावतमा समस्या भएको स्थानीय सुजित ठाकुरले जानकारी दिए।

निरन्तरको वर्षाले सप्तरीको खाँडो, महुली, सप्तकोशी, त्रियुगा, जिता, बलान, सुन्दरी, खडक, भलुवाही लगायतका नदी खोलामा पानीको वहाव बढ्दै गए पनि अहिले सम्म कुनै मानवीय क्षती भने नभएको तथा जोखिम मानिएको क्षेत्रमा निगरानी र सक्रीयता बढाइएको स्थानीय प्रशासनले जनाएको छ।

# वर्षाका कारण प्रदेशस्तरीय टि-ट्वान्टी कप क्रिकेट प्रतियोगिता रोकियो



**दैनिक समाचारदाता**
**राजविराज, १५ असार।**

मंगलवार देखी शुरु हुने भनिएको प्रथम महेन्द्रनारायण निधी प्रदेशस्तरीय टि-ट्वान्टी कप क्रिकेट प्रतियोगिता रोकिएको छ। मंगलवार देखी शुरु भएको वर्षा बुधवार पनि नरोकिए पछि प्रतियोगिता रोकिएको हो। क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठले अचानक मौसम परिवर्तन भई शुरु भएको भारी वर्षाले प्रतियोगितालाई अवरोध पुऱ्याएको बताए।

प्रतियोगितका लागी राजविराजस्थित राजरंगशाला र पविमावीको खेलमैदान गरी दुबै स्थानमा खेल संचालनको तयारी गरिएको थियो। तर वर्षाले दुबै मैदानलाई माछा पोखरीको रुपमा परिणत गरेपछि प्रतियोगिता रोक्न बाध्य भएको उनको भनाई छ।

प्रतियोगितको उद्घाटन गर्न मंगलबार मधेश प्रदेशका महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रि विरेन्द्र सिंह पनि आइपुगेका थिए। तर, वर्षा निरन्तर जारी रहदा मन्त्री सिह उद्घाटन नै नगरी फर्किएको क्रिकेट संघ सप्तरीका सहसचिव चन्दन कुमार यादवले जानकारी दिए।

मधेश प्रदेश क्रिकेट संघको आयोजना तथा जिल्ला क्रिकेट संघको समन्वयमा आयोजना गर्ने तयारी गरिएको प्रतियोगितामा सहभागी हुने मधेश प्रदेशका ८ वटै जिल्लाका खेलाडी अहिले सदरमुकाम राजविराजम बसिरहेका छन्।

मौसमले साथ दिए फिल्डमा जमेको पानीको निकासी र बिग्रेको पिच मर्मत लगायतका अन्य व्यवस्थापनका काम सम्पन्न गरी दुई/तीन दिन भित्रै प्रतियोगिता संचालन गर्ने योजना रहेको क्रिकेट संघ सप्तरीले जनाएको छ।

# पेस्तोलसहित एक युवक पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुर, १५ असार।**

पेस्तोलसहित प्रहरीले जनकपुरधामबाट एक युवकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-९ का ३७ वर्षीय मनिषकुमार अधिकारी छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले अमेरिकन पेस्तोलसहित अधिकारीलाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिएका छन्।

उनको घर खानतलासी गर्ने क्रममा भान्सा कोठामा लुकाइ राखेको अवस्थामा एक थान पेस्तोल र एक राउण्ड गोली बरामद भएको हो। घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*